# नवदुर्गा गाउँपालिकाको
# नवौं गाउँसभामा

प्रस्तुत नीति तथा कार्यक्रम

२०७८/०७९

गाउँसभाबाट स्वीकृत: मिति २०७८।०३।१०

# नवदुर्गा गाउँपालिकाको नवौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री कबिन्द्र वहादुर विष्ट ज्यूवाट प्रस्तुत नीति तथा कार्यक्रम २०७८

**उपाध्यक्ष ज्यू सहित सभाका सदस्य ज्यूहरु,**

सम्मानित नवौं गाउँसभाको समुदघाटन समारोहको यस क्षणमा सर्वप्रथम मुलुकको सार्वभौमिकता लाई अक्ष्युण राख्न इतिहासका बिभिन्न कालखण्डमा देश र जनताका निम्ती आफनो ज्यान बलिदानी गर्नु हुने ज्ञात अज्ञाते महान शहिदहरु प्रति भावपूर्ण श्रर्द्धाञ्जली अर्पण गर्दै बिभिन्न कालखण्डमा राष्ट्र निर्माणका क्रममा घाईते, अपांगता भएका सम्पूर्ण योद्धाहरु, टुहुरा परिवारजन वेपत्ता र तिनका परिवारजनहरुलाइ पुनः स्मरण गर्दै सत्य निस्पक्ष मन वचन र कर्मले सदा जनताको सेवामा सर्मपण हुने प्रेरणा मिलोस भन्ने कामना गर्न चाहन्छु ।

नेपाली जनताले पटक पटक गरेको त्याग र बलिदान, ऐतिहासिक जन आन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमवाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभावाट पारित नेपालको संविधान २०७२ को कार्यान्वयन स्वरुप वि.सं.२०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचन मार्फत नेपालको इतिहासमा पहिलोपटक गठन भएको ऐतिहासिक स्थानिय सरकारको गाउँसभामा नवदुर्गा गाउँपालिकाको नीति तथा कार्यक्रम पाँचौं पटक प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु ।

स्थानिय तह गठनको प्रथम कार्यकाल भएका कारण आफना निती नियम आफै निर्माण गरि कार्यान्वयन गर्ने,गर्दै सिक्दै जाने सरकार संचालनको अभ्यासलाई समेत निरन्तरता दिदै जनताका तमाम अपेक्षाका विच बाट सिमित श्रोत साधनमा असिमित आवश्यकताको परिपुर्ति गर्दै जनताका जन चाहना अनुसार श्रोत साधनको तादम्यता कायम गर्नु पर्ने चुनौतीको सामना गर्दै आज हाम्रो नवदुर्गा गाउँसरकार गठन भएको पाँचौ बर्षमा प्रवेश गरेका छौ । विविध चुनौतीका बाबजुद पनि उल्लेख्य प्रगतिहरु हासिल भएको हामीले महशुस गरेका छौ । भौगालिक रुपमा विकट क्षेत्रमा रहेको हाम्रो नवदुर्गा गाउँपालिकालाई सडक संजालमा राष्ट्रिय राजमार्गहरु संग जोडने कार्य स्वरुप नवदुर्गा गाउँपालिकाका सवै वडाहरुलाई दुइ तर्फि रुपमा सडक संजाल सङ्ग जोडन सफल भएका छौ । लामो संघर्ष र छलफलका वावजुद पोखरा वेलापुर सडकको कालोपत्रे गर्ने कार्य यसै आ.व.देखि सुरु भई सकेको तथ्य विदितै छ । विद्यालय भौतिक पुर्वाधारमा उल्लेख्य सुधार भएको छ ,कृषि पशुपालनमा आधुनिकीकरण सहित कृषकलाई उनिहरुको चाहना बमोजिमको आय आर्जनका लागी अनुदानको

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

ब्यबस्था भएकै कारण थोरै भु भागमा भए पनि कृषिमा ब्यसायीकरण र बजारीकरण भएको महशुस गरेको छु ,आलु खेतीमा हाम्रो गाउँपालिका आत्मनिर्भर भएको तथा आलु सुपरजोन संङ्को सहकार्यमा आलु निर्यात समेत गर्न सफल भएका छौ । गाउँपालिकाले आफ्नै भवन निमार्ण गरि सेवा प्रवाह सोही स्थानवाट गरेको छ भने चालु आ.व.मा सुविधा सम्पन्न आफनै प्रशासनीक भवनको निर्माण कार्य सुभारम्भ भइ सकेको छ । यस अवधीमा साना ठुला तथा सम्पुर्ण वडा समेत समेटने बृहत खानेपानी आयोजनाहरु निर्माण भएका छन तथा ठुला एवं बृहद खानेपानी आयोजनाहरु निर्माणका चरणमा रहेका छन । प्रयाप्त मूलको संभावना नै नरहेका स्थानहरुमा लिफ्टका माध्यमबाट खानेपानी आयोजना निर्माण गरिएका छन । त्यस्तै सिंचाइ तर्फ समेत साना तथा ठुला आयोजनाको निर्माण भएको छ र साना सिंचाइ पुर्वाधारको निर्माण गरिएको छ ।

नेपालको राजनैतिक ईतिहासमा राजनैतिक व्यवस्था परिवर्तनको लागि जनताहरुले सामना गर्नु परेको १०४ वर्षे जहानियाँ राणा शासन, ३० वर्षे पञ्चायती शासन, वहुदलिय प्रजातान्त्रिक व्यवस्था, शसस्त्र संघर्षले निम्त्याएको १२ वर्षे जनयुद्दकालीन संक्रमणकाल व्यतित हुदै संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने क्षण सम्म आईपुग्न नेपाली जनता पटक पटक आन्दोलित हुनु परेको दशकौ वितेको छ । यसको उपलब्धिको रुपमा सार्वभौम अधिकार सम्पन्न संविधान सभाले नेपाली जनताको अधिकारहरु संस्थागत गर्दै नेपालको संविधान २०७२ जारी भएसंगै अधिकार प्राप्तिको राजनीतिक संघर्ष समाप्त गर्दै संविधानको कार्यान्वयन मार्फत आर्थिक समृद्धिका लागि जुट्ने अवसर प्राप्त भएको छ । लामो द्वन्द्ध, अस्वस्थ राजनीतिक प्रतिस्पर्धा र अस्थिरतामा गुज्रिएको नेपाली समाजलाई दीगो आर्थिक समृद्धिको लक्ष्यतर्फ डोऱ्याउनु पर्ने आवश्यकताको माझ **"शिक्षा स्वास्थ्य कृषि पर्यटन र पुर्वाधार नवदुर्गा गाउँपालिका विकासको मुल आधार"** मुल मन्त्र सहित आ.व. २०७७०७८ मा गाउँपालिकाका कतिपय ठुला तथा साना आयोजनाहरु निर्माण कार्य अगाडी सार्दै गरेको सन्दर्भमा आ.व.को तेस्रो चौमासिकमा आइ पुग्दा पुनः गत आ.व.भैं यस बर्ष समेत विश्वब्यापी रुपमा नोवल कोरोना भाइरस कोभिड १९ को दोस्रो भेरिएन्टको कोरोना कहरमा मुलुक फस्न पुग्यो र कहिले सम्म यस बिषम परिस्थितीको सामना गर्नु पर्ने भन्ने भयको समेत एकिन नहुदा नहुदै पनि यस ऐतिहाँसिक नवौ गाउँसभामा गाउँपालिकाको निती तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

**उपाध्यक्ष ज्यू सहित सभाका सदस्य ज्यूहरु,**

- नोवल कोरोना भाइरस कोभिड १९ को दोस्रो लहरबाट यतिवेला समग्र विश्व आक्रान्त बनेको छ जस बाट हाम्रो मुलुक पनि अछुतो रहन सकेको छैन र हाम्रो नवदुर्गा गाउँपालिकामा समेत १३८ जना हाम्रो गाउँपालिकाका नागरिकहरुमा संक्रमण पुष्टि भइ सकेका तथा दोस्रो लहरको प्रकोप सम्म ३ जनाको दुखद निधन समेत भएको छ । सर्तक ाका उपायहरु अवलम्वन गर्दै कोरोना अस्थाइ अस्पताल दक्ष स्वास्थ्यकर्मि सहित अक्सिजन सहितको १० शैया अस्पताल स्थापना समेत भएतापनि कोरोना महामारीको कहर अझै न्युन हुन सकेको छैन ।
- नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेसंगै जनताको नजिकको सरकारको रुपमा स्थानीय तहले स्थानीय सरकारको रुपमा संवैधानिक अधिकार प्राप्त गरेको चार बर्ष ब्यतित भएको छ । यस अवधिमा हाम्रो कार्य मुलतः आफना ऐन कानुन र दिसा निर्देशमा मात्र केन्द्रित भयो भन्नेमा आशक्ति नहोला ,हामीले यो अवधीमा बिभिन्न ४३ वटा कानुन कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरेका छौ । यिनै कानुन तथा मार्गदर्शनहरुको अधिनमा रहि गाउँपालिकाको आगामी कार्यदिशा स्पष्ट भएको र हाम्रो मार्ग प्रशस्त भएको कुरा सम्मानित गाउँसभामा व्यक्त गर्न चाहन्छु ।
- स्थानिय सरकारले मुर्तरुप पाएको यो चार बर्षको अवधीमा सिकाइमा रहेका बिकासका अवधारणाहरु र जनताका चाहनाहरु हाम्रा लागि मार्गदर्शनको रुपमा संस्लेषित भएका छन । यीनै संस्लेषित मार्गदर्शनहरु सिकाइ अनुभुतीहरुको तालमेल गरि गाउँपालिकाको समग्र र सर्बोपरि एबं सर्बाङगीण दिगो बिकासका लागि अध्ययन अनुसन्धान र बिस्त्रीत सर्भेक्षण सम्पन्न गरि पटके र चोर बाटो बाट आयोजनाले सबै ठाउँमा स्थान पाउने बिद्यमान रोगका रोकथाम गरि दिर्घकालिन र दिगो बिकास को अवधारणालाइ आत्मसात गर्दै ठुला तथा बहुसंख्यक जनताहरुलाइ लागत लाभको प्रतिफलबाट मनग्य लाभ लिन सक्ने गरि गाउँपालिकाको समग्र बिकासको गतीलाइ तिव्र गर्न सकिने स्पष्ट दिसा हाम्रा सामु प्रष्ट भएको छ ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गनिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

१) मुलभुत नीतिहरु

- कोरोना भाइरसको दोस्रो लहरको रोकथाम तथा नियन्त्रणका लागि विश्व स्वास्थ्य संगठनले अघि सारेका रोकथामका उपायहरु अवलम्वन गर्ने कार्यलाई अभियानका रुपमा जोड दिदै खोपको सुनिश्चितताका लागि केन्द्र सरकार सङ्ग समन्वय सहकार्य गर्दै गाउँपालिकामा रहेको अस्थाई अस्पताललाई आधारभुत अस्पतालमा रुपान्तरण गरि सेवा प्रवाह गर्ने निती लिइनेछ ।
- कोरोनाको दोस्रो लहर पश्चात समेत खतरा टरि नसकेको अवस्थामा संभावित तेस्रो लहरबाट जोगिन समेत यसै आ.व.देखि रोकथाम तथा नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- आर्थिक विकासमा जोड दिदै जनताको जिवनस्तर सुधार हुने उत्पादन मुलक छिटो प्रतिफल प्राप्त तथा पछाडी परेका बर्गहरु प्रत्यक्ष लाभान्वीत हुने खालका र रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।
- सेवा प्रवाहलाई सूचना तथा संचार प्रविधिसंग आवद्ध गर्दै पारदर्शि र शुसासन युक्त सेवा प्रवाहमा जोड दिइनेछ ।
- गाउँपालिकाको वार्षिक क्यालेन्डर तयार गरि सोही मुताविक आ.व.को अन्तमा मात्र आयोजना सम्पन्न गराउने प्रवृतिको अन्त्य गरिनेछ ।
- गाउँपालिकामा संचालित ठुला तथा साना विकास आयोजना कार्यक्रमलाइ परिणाममुखि र यथार्थपरक बनाउन सघन अनुगमन कार्य लाई निरन्तरता दिइनेछ ।
- राष्ट्रले लिएका महत्त्वपुर्ण नितिहरु स्वरोजगार निति प्रधानमन्त्री रोजगार कार्यक्रम ,सामाजिक सुरक्षा नितीलाई सफल पार्न प्रधानमन्त्री रोजगार कार्यक्रम सङ्ग सम्पुरक बजेट सहित साझेदारी गरि परिणाममुखि कार्यक्रमहरुमा जोड दिईनेछ ।
- ठुला पुर्वाधार आयोजनाको गुणस्तरीयता,दिगोपना र आवश्यकताको परिपुर्तिलाई मध्यनजर गरि बिस्तृत लागत सर्भेक्षण सँगै वहुवर्षिय आयोजनाहरु कार्यान्वयनमा लगिने निती अवलम्वन गरिनेछ ।
- स्थानिय विकास योजनाको अवधारणा अनुरुप आवश्यक आयोजनाहरुको पहिचान,मुल्याङकन तथा प्राथमिकीकरण गरि आयोजना बैङ्क तयार पारी आफ्नो स्रोत बाट सम्पन्न गर्न सकिने,केन्द्र तथा प्रदेश सरकार मार्फत सम्पन्न हुने र बैदेशिक सहयोग

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ...पालेक, डडेल्धुरा ...पश्चिम प्रदेश नेपाल

आवश्यक पर्ने आयोजनाहरुको बर्गिकरण गरि आयोजना बैङ्क तयार पार्ने र कमशःकार्यान्वयन गर्दै जाने निती अवलम्वन गरिनेछ ।

- सामाजिक परिचालन मार्फत लक्षित,बिपन्न तथा सिमान्तिकृत बर्गको सशक्तिकरण, उत्थान र मुलप्रवाहीकरणमा जोड दिइनेछ ।
- विश्वव्यापी महामारीको कममा स्वदेश भित्रिएका युवाहरुका लागि स्वरोजगार मुलक अनुदानका कार्यकमहरुमा जोड दिइनेछ ।
- विकास प्रशासनमा शुसाशन प्रबर्दनका लागि सार्वजनिक सुनुवाई,सार्वजनिक परिक्षण,नागरिक हेल्प डेस्क,गुनासो सुनुवाइ व्यवस्थापन जस्ता कार्यकमलाई निरन्तरता दिन कोरोना कहरका वावजुत मिडियाका माध्यमबाट पारदर्शिताको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिकाको आर्थिक समाजिक विकास र समृद्धिको लागि राजनीतिक दल,करदाता, समाजसेवी, बुद्धिजिवि, नागरिकसमाज निजि क्षेत्र सहकारी क्षेत्र लगायत सम्पुर्ण जनताको सल्लाह र सुझाव लिदै विकासका लागि हातेमालोमा जोड दिइनेछ ।
- गाउँपालिकामा रहेको न्यायिक समितीलाई मेलमिलापका माध्यमबाट विवाद समाधान गर्न न्यायिक समितीको क्षमता बिकासमा जोड दिदै देवानी संहिता ऐनमा व्यवस्था भएका व्यवस्थाहरुको जानकारी एवं प्रचार प्रसार गर्दै सामाजिक अपराध रहित समाजको परिकल्पना गर्दै न्यायिक समितीको भुमिकालाई प्रभावकारी बनाइनेछ ।
- विद्यालयमा शिक्षिका किशोरीहरुलाई कानुनको वारेमा जानकारी गराउदै उक्त समिति मार्फत महिला शसक्तीकरण कार्यमा जोड दिई सभ्य सुसंस्कृत समाज निमार्णका लागि न्यायिक समितिको भुमिकालाई थप केन्द्रित गर्दै ल.गिनेछ ।
- न्यायिक समितिको कार्यदक्षता र कार्यसम्पादनमा थप टेवा पुऱ्याउने कार्यका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- शुसासन तथा पारदर्शिताका लागि सुचना प्रविधिको प्रयोग मार्फत मोवाइल एप,वेइवसाइट, पोर्टल र फेसवुक पेजका माध्यमबाट हातहातमा गाउँपालिकाका गतिबिधिको पहुँच पुऱ्याउन प्रविधीको विकासमा जोड दिइनेछ ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...गालेक, डडेल्धुरा
...श्चिम प्रदेश नेपाल

## पुर्वाधार विकास

**सडक पुर्वाधार :**

- जिल्ला यातायात पुर्वाधार गुरु योजना अनुसार बर्गीकृत भएका जिल्लाका मुख्य सडकको रुपमा रहेको पोखरा बेलापुर सडक गाउँपालिकाको समन्वय एवं गाउँपालिकाको विशेष पहलमा प्रदेश सरकारवाट गौरवको योजनामा स्वीकृत भई आ. व. २०७७०७८ मा नै १० कि.मि.सडक कालोपत्रेको कार्य अगाडी बढेकोमा थप ढुङ्गाड सम्मको सडक कालोपत्रेका लागि आवश्यक पहल गर्दै सडक यातायातमा अत्यन्त जोखिम युक्त स्थानहरुमा सोलिङ्ग ग्राभिलिङ्ग गर्ने कार्य सम्पन्न गरिने छ चालु आगामी आ.व. देखि गाउँपालिका केन्द्र जोडने सडकका रुपमा पहिचान भएको डाडावन घुप्ता गाउँपालिका सडकको कालोपत्रेका लागि अगाडी बढाइनेछ । रुडुवा बडम फिन्देउ सडक, खसरेखान शेरी सडक, धनकाट कोटेली निन्तोला चोरा सडक, विप्पेकटाल हतास चामा चौड ढुंगाड सडक, बेलापुर सुवाकोट गिल्ला मम्मे कोराल सडक, वडा नं. ४ र ५ जोड्ने सडकहरुलाई स्तर उन्नती गर्दै वाह्रै महिना सडक संचालनमा ल्याउन मर्मत सम्भार समुह मार्फत साना मर्मतका कार्यहरु मा निरन्तरता दिईनेछ। स्लेक चौड ढणेखोला सुवाकोट सडकको ट्रयाक ओपनिङ्ग गर्ने कार्य आगाडी वढाइनेछ । बढी भु-क्षय हुने खालका सडक खन्न निरुत्साहित गर्ने, कार्य सम्पन्न भई गाडी संचालनमा रोका सडकहरुलाइ बाह्रै महिना संचालन गर्न प्रधानमन्त्री रोजगार अन्तरगत गठित श्रमिक समुहहरु परिचालन गरि सडकहरु बाह्रै महिना सुचारु गर्ने ब्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको सवै वडा केन्द्रहरुलाइ गाउँपालिका केन्द्र सँग आवद्ध हुने गरि सडक निर्माणको कार्यलाइ प्राथामिकता प्रदान गर्दै ब्यवस्थित सडक निर्माणको लागि स्थानिय यातायात गुरुयोजना तयार गरी नयाँ सडक निर्माण गर्दा प्रारम्भिक वातावरणीय परिक्षणको कार्यलाई कडाइका साथ लागु गरिनेछ ।
- सडक दुर्घटनामा कमी ल्याउन र सवारी साधनमा नियमितता ल्याउन क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउने तथा मादक पदार्थको प्रयोग बा ु हुने दुर्घटनामा कमि ल्याउन सुरक्षा संयन्त्र एवम सम्वन्धीत निकायको समन्वयमा आबस्यक प्रक्रिया अगाडी वढाउने निति अवलम्बन गरिने छ ।
- खसरेखान रौटी पलेथर शेरी सडकलाई गाउँपालिका गौरवको आयोजना अन्तर्गत उक्त सडकलाई बाहै महिना संचालनमा ल्याउन स्तर सुधारकालागि आवस्यक ब्यवस्था गरिनेछ ।

नवदुर्गा गाउँपालिका
गाउँपालिकाको कार्यालय
...क, डडेल्धुरा
...प्रदेश नेपाल

**खानेपानी तथा सरसफाइ**

- यस आ.व.मा शुद्ध पिउने पानीलाई प्रमुख प्राथमिकता दिई खानेपानीको अभावलाई न्युन गर्न र सबै बस्ती समुदाय तथा व्यक्तिहरु सम्म पानीको सहज आपुर्ति गर्ने कार्य अगाडी बढाईनेछ ।
- वडा नं ४ मम्मे र वडा नं. २ बकालमा लिफ्ट प्रविधीको प्रयोग बाट खा.पा.आयोजनाहरु सम्पन्न भइ सकेकामा थप अंगेडीगडा, वडम लगायतका खानेपानीको अत्यन्त अभाव भएका बस्तीहरुमा लिफटका माध्यमबाट खानेपानी आपुर्ति गर्ने ब्यवस्था मिलाउन प्रदेश सरकार सँग समन्वय गरिनेछ ।
- पानी जिवन हो सदुपयोग गरौ भन्ने ध्येयका साथ यसै वर्ष देखि पानीको अधिकतम सदुपयोगको निती अवलम्वन गर्ने उद्देश्य अनुरुप सबै पानीका श्रोतहरुको उपभोक्ता दर्ता प्रकृयालाइ अगाडी बढाउन स्थानिय जलस्रोत समन्वय समिती गठन गरि प्राकृतीक श्रोत माथिको एकल स्वामित्व अन्त्य गर्न आवस्यक कानुनी लगायत सामाजिक सदभावका माध्यमवाट प्राकृतिक श्रोत माथिको एकल अधिकारलाई निरुत्साहीत गर्ने निति अवलम्वन गरिनेछ ।
- खानेपानीको चरम अभाव रहेका कोटेली, ठाँटा आदि बस्तीहरुमा खानेपानी आपुर्ति गर्न प्रदेश तथा संघ सरकारको समन्वयमा आगामी आ.व.मा निर्माण प्रक्रिया अगाडी वढाइनेछ ।
- खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिबार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिबार्य पानी महशुल को निति अवलम्वन गरिनेछ ।
- खानेपानी मुहान देखि मुख सम्म सफा राखौ भन्ने मान्यताका साथ खानेपानी शुद्धीकरणका कियाकलापहरुलाई जोड दिइनेछ,यस्ता कियाकलापहरुमा उपभोक्ता जागरण तथा प्रोत्साहन नितीलाई निरन्तरता दिदै उत्कृष्ट खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई पुरस्कृत गर्ने निति अवलम्वन गरिनेछ ।
- स्वच्छ पिउने पानी लाई उच्च प्रथामिकतामा राखी भएका स्रोतहरुको अधिकतम प्रयोग र समानुपातिक बितरणमा जोड दिई एक घर एक धाराको अवधारणा लागु गरिनेछ । यसरी प्राकृतिक मुलहरुबाट समेत खानेपानी समस्याको समाधान हुन नसक्ने बस्तिहरुका लागि थप डिप बोरिङका माध्यम बाट पानी निकाल्ने कार्यलाई निरन्तरता दिदै पानीको चरम अभाव भएका वस्तीहरुमा लिफ्ट खानेपानी आयोजनामा कार्यान्वयनमा जोड दिईनेछ ।



नवदुर्गा गाउँपालिका
कार्यपालिकाको कार्यालय

- नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त लगानीमा संचालित ग्रमिण जलस्रोत परियोजना संङ्गको साझेदारीमा ठुला खानेपानी आयोनाहरु कार्यान्वयनलाई निरन्तरता दिइनेछ । संघिय सरकारको सहयोगमा करिव १२ करोडको लगानीमा वडा नं ५ को ठाँटा लिफ्ट खानेपानी आयोजनाको निर्माण कार्य यसै आ.व. बाट संचालन गरिनेछ ।

**भवन निर्माण**

- गाउपालिका भित्र निर्माण हुने सम्पुर्ण निजी तथा संस्था ात भवनहरुको मापदण्ड बनाई नक्शा पास गरेर मात्र घर निर्माण गर्नु पर्ने निती अवलम्वन गरिनेछ ।
- गाउँपालिकाका सबै वडा कार्यालयका कार्यालय भवनहरु क्रमश: आफनै लगानीमा निर्माण गर्ने निति अनुरुप हाल सम्म वडा नं १ र २ को भवन निर्माण सम्पन्न भइ सकेकोमा वडा नं. ३ को वडा कार्यालय भवन आगामी आ.व.मा निर्माण कार्य सम्पन्न गरिनेछ ।
- आधारभुत स्वास्थ्य केन्द्र ,स्वास्थ्य संस्था र गाउँ घर क्लिनिकका भवनहरु क्रमसः निर्माण गर्दै लगिने र आवश्यकता अनुसार भवन पुर्वाधार निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्य रसै आ.व. वाट सुरुवात भइ सकेकामा आगामी आ.व.मा कार्यालय अत्याधुनिक प्रशासकीय भवन बाटै सेवा प्रवाह गर्ने गरि काममा तदारुकता दिदै न्यायिक समितीको मेलमिलाप कक्ष निर्माण गरिनेछ ।
- यसै आ.व.मा निर्माण सम्पन्न हुने गाउँपालिकास्तरिय खेलमैदानमा आवश्यक सामग्री सहित व्यवस्थापन गरिनेछ ।
- बिद्यालय भवनहरु संघ सरकार तथा प्रदेश सरकारको समन्वयमा निर्माण गर्दै विद्यालयका भवनहरु निर्माणमा जोड दिइनेछ ।

**आवास तथा पुर्ननिर्माण र एकिकृत वस्ति विकास**

- भुमिहिन अल्प संख्यकहरुको तथ्याङक लगत खडा गरि उनीहरुको व्यवस्थित बसोवासको व्यवस्था मिलाउन नेपाल सरकार भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय संगको सहकार्यमा जनता आवास कार्यक्रम र शहरी विकास मन्त्रालय संग आवस्यक समन्वय सहकार्य गर्दै चालु आ.व. को अन्त्य देखि नै घर निर्माण मर्मत तथा जग्गा खरिदको उचित व्यवस्थापन गरि आवासको व्यवस्था मिलाईने निति अवलम्न गर्दै भुमी



नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा

सम्वन्धि समस्या समाधान आयोग संगको समन्वयमा अव्यस्थित बसोवासीहरुको लगत संकलनलाइ पुर्णता दिन भुमि सम्वन्धि लगत संकलन इकाईलाइ प्रभावकारी परिचालन गरिनेछ ।

- यस नवदुर्गा गाउँपालिका भित्र रहेका जोखिम युक्त वस्तीहरु तथा वस्तीमा रहेका घरहरुको समुचित मर्मत तथा निर्माणको कार्यलाई संघ सरकारको समन्वयमा सुरक्षित नागरिक आवास निति अन्तर्गत घरका छाना पुर्नः निर्माण गर्ने निति अवलम्वन गरिनेछ ।
- गाउँपालिकामा भुमिहिन घरबार बिहिनहरुका लागि ब्यबस्थीत बसोबासको ब्यबस्था मिलाउन गाउँपालिकाको आफनै पहलमा जग्गाको खोजी प्राप्ती र घर निर्माणको कार्य अगाडी बढाई बसोबासको समुचित प्रवन्ध मिलाईनेछ ।

## सिचाई

●कृषिमा आधुनिकीरण गर्न र कृषि पेसालाई जीवन निर्वाहको माध्यमका रुपमा विकास गर्न सम्भावित र स्रोत उपलब्ध स्थानहरुमा सिचाईलाई उच्च प्राथमिकतामा राखि सिचाईका योजनाहरु कार्यान्वयन गरिने छ ।

●कृषि वालीनालीको उत्पादन वढाउन परम्परागत सिचाई प्रणालीलाई व्यवस्थीत गर्न पानी भकारी आकाशे पानी संकलन पोखरी प्लाष्टिक पोखरी जस्ता कार्यक्रमहरुलाई अगाडी वढाई व्यवसायीक तरकारी खेती तथा नगदेवाली को उत्पादनमा जोड दिइने नितिलाई निरन्तरता दिइनेछ ।

● तल्लो तटीय क्षेत्र र खोला किनार आसपास रहेका खेतवारीहरुमा नहर  कुलो बाट गरिने सिंचाईका आलावा चालु आ.व. देखि लिफट सिंचाइ जस्ता नयाँ प्रविधीमा आधारित सिंचाई आयोजना प्रदेश तथा संघ सरकारको साझेदारीमा संचालन गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

● प्रदेश सरकारको सहयोगमा वडा नं ४ गिल्ला लिफ्ट सिंचाइ यसै आ.व.२०७७०७८ मा सम्पन्न गरिनेछ । खेर गइरहेको पानीको समुचीत प्रयोग गर्न बहुउद्देशिय पानी प्रणाली कार्यान्वनमा ल्याइनेछ र साना सिंचाइ मर्मत सुधार तथा निर्माणकार्यलाइ निरन्तरता दिइनेछ ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

## आर्थीक विकास

### उद्योग

- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना उद्योग स्थापना गर्न गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम मेडपालाई प्रभावकारी रुपमा अगाडी बढाउदै स्थानिय सिप विकासलाई बढावा दिइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत श्रमिक समुह म।र्फत औद्योगिक उत्पादनमा प्रर्वद्धन हुने खालका बिरुवाहरु स्थानिय बनमा रोपण गरि कच्चा पदार्थ तयारीमा जोड दिईनेछ ।
- वडा नं १ र वडा नं ५ मा माहुरीको प्रशस्त सम्भावना रहेकामा मह उत्पादनमा रोजगारी सिर्जना हुने गरि युवाहरुलाई उद्यमशिल वनाउने निति अवलम्वन गरिनेछ स्थानिय लघु उद्यमी समुहका सदस्यहरुलाइ थप सहयोगको लागि गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम अन्तरगत अनुदान उपलब्ध गराइ माहुरी पालन ब्यवसायलाई जिवीकोपार्जन पेशामा मात्र सिमित नराखी ब्यवसायीकरणमा जोड दिने निती अवलम्वन गरिनेछ ।
- घरेलु तथा साना उद्योगलाई प्रोत्साहन दिदै कार्पेन्ट्री डकर्मी सिकर्मी तथा वेल्डिङ्ग तथा वेल्डिङ्ग र अटोपार्टसका लागि अनुदान दिने निति अवलम्वन गरिनेछ ।

### कृषि

- गाउँपालिकाको नजिकै आवस्यक जग्गाको खोजी गरि औद्योगिकग्रामको स्थापना गरि एकिकृत औद्योगिक निती लिदै प्रधानमन्त्री कृषि आधुकिकीकरण परियोजना संङ्को समन्वयमा आलु उत्पादनमा बृद्धि गर्ने तथा भटमास जोन डडेल्धुरा जिल्लालाई थप टेवा पुरयाउने उद्यस्यले भटमास उत्पादन बृद्धिमा जोड दिइनेछ ।
- सुख्खा तथा बाह्रै महिना सिंचाई अभाव भएका बस्तिहरुमा फलफुल बिरुवा रोपण कार्यमा बढावा दिइने छ जसका लागि छरिएर जाने हिउदे तथ. बर्षे फलफुलका बिरुवा बितरण तथा अनुदान उपलब्ध गराउदा पकेट क्षेत्र तथा ब्लकमा आधारित एउटा गाउँलाई एउटा नमुना फलफुल पकेट क्षेत्र वनाई युवा वेरोजगारी कम गर्ने निति अनुरुप आगामी आ.व.मा बेलापुर माथिल्लो बस्तीलाई कागती नमुना फलफुल पकेट विकास कार्यक्रम अन्तरगत ब्यवसायीक कागती खेतीमा जोड दिइनेछ ।
- यस गाउँपालिकाका अधिकांस जनताको मुख्य पेशा भनेको कृषि भएकोले यस क्षेत्रको प्रबर्द्धन विकासको लागि कृषि सडक, सिंचाई सुविधा विस्तार, व्यवशायीक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ ।



नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

- प्रविधि हस्तान्तरण तर्फ सम्म परेका फाँटहरुमा न्युनतम ५० रोपनी भन्दा वढी खेतवारीहरुमा सहकारी/समुह मार्फत हाते ट्याक्टर, थ्रेसर जस्ता कृषि औजारहरु वितरण गर्ने, माथिल्ला भिरालो जमिनमा आकाशे पानी संकलन पोखरी, पानी भकारी, प्लाष्टीक पोखरी जस्ता प्रविधि हस्तान्तरणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ साथै प्रविधी हस्तान्तरणका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना जोन संङ्गको साझेदारीमा जोड दिइनेछ ।
- तल्लो तटिय क्षेत्र एवम खोला किनारमा सिचाईका लागि लिफ्ट प्रविधिमा जोड दिई उच्च सम्भावना रहेका वाली उत्पादनमा जोड दिईनेछ ।
- सवैखाले कृषि उपजहरुको व्यवसायीकतामा ल्याउन संकलन डिपो सहित वजारिकरणको व्यवस्था मिलाईनेछ ।
- कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि खेतीका लागि आवश्यक अनुदान निती अवलम्वन गरिनेछ ।
- जैविक विषादी प्रर्वद्धन गरि रसायनलाई नियन्त्रण गर्ने निति अनुरुप जैविक विषादी निर्माण सम्वन्धी कार्यक्रमहरु अवलम्वन गरिनेछ र जैविक मल उत्पादनमा जोड दिईनेछ ।
- भटमास जोनका रुपमा डडेल्धुरा जिल्ला पनि छनोटमा पर्न गएकोमा भटमास उत्पादन गर्ने प्रमुख क्षेत्रको रुपमा रहेको नवदुर्गा गाउँपालिका भित्र भटमास उत्पादनको वृद्धिमा जोड दिने खालका कार्यक्रमहरुमा अनुदान निति अवलम्वन गरिनेछ ।
- यस गाउँपालिकाको क्षेत्र भित्र उल्लेख्यरुपमा उत्पादन हुने मकै वालीलाई प्रर्वद्धन गर्न उन्नत विउ वितरणमा जोड दिदै माटो सुहाउँदो मकै विउमा अनुदान दिने निति अवलम्वन गरिनेछ मकै ,भटमासको विऊ उत्पादनमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- चालु आ.व. झै आगामी आ.व.मा समेत प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना सँगको साझेदारीमा आलु उत्पादन तथा वेमोसमी तरकारी उत्पादनमा थप क्लष्टरहरु समावेश गर्ने निति अवलम्वन गरिनेछ ।
- कृषि-योग्य भूमिमा बाह्रै महिना सिंचाइ सुबिधा उपलब्ध गराउन नवीनतम प्रविधिको समेत प्रयोग गरी लिफ्ट सिचाई आयोजनाका माध्यमवाट उत्पादन वृद्धिमा जोड दिने निति अवलम्वन गरिनेछ ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

- साना सिंचाई, मझौला सिंचाई र बृहत सिंचाई योजनाको पहिचान र अभिलेखीकरण गरी नियमित सञ्चालनमा ल्याउन बिशेष योजना सहित संघिय र प्रदेश सरकार संङ्ग समन्वय गरिनेछ ।
- आधुनिक कृषि प्रणालीमा युवा महिला तथा कृषकहरुलाई विउ,मलमा अनुदान दिइ नगदे वाली तर्फ आर्कषित गरिनेछ ।
- एक गाउँ एक उत्पादन लाई मुर्त रुप दिन पकेट क्षेत्र पहिचान गर्दै कृषि तथा तरकारी खेतीमा व्यवसायीकरण गर्न युवाहरुको सहभागिता गराउने निति अवलम्वन गरिनेछ ।

**पशुपंछिपालन**

- उन्नत नश्ल सुधार गर्न उन्नत जातका राँगो वोका वितरण गरि पशु नश्ल सुधारमा जोड दिइनेछ । कृषि तथा पशुपंक्षी बीमा सेवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ पशुधन बिमा लाई अनिवार्य गरि कृषकको संभावित क्षतिको जोखिम घटाउन र पशुपालन तर्फ आकर्षण बढाउन प्रभावकारी पशुधन बिमा कार्यकमलाई निरन्तरता दिइनेछ ।
- पशु वस्तुमा लाग्ने महामारी रोगका कारण हुने क्षति र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदै यसको क्षति न्यूनिकरण गर्न नाम्ले तथा जुकाको औषधि र माहामारी विरुद्धका भ्याक्सीन अभियानका रुपमा सबै वडाहरुमा संचालन गरिने छ ।
- पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतवारीका, डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस लगाउने अभियानलाई निरन्तरता दिदै जै घाँस प्रवर्धनमा जोड दिइनेछ ।
- पशुपंक्षीको मासुको बजार प्रवर्धन गर्न सुरक्षित माशु पसल व्यवस्थीत गर्न आवश्यक सहयोग गर्ने अनुदान नितीलाई निरन्तरता दिदै शुद्ध मासु पसल संचालनमा जोड दिइनेछ ।
- एग्रोभेट सेवा प्रभावकारी तथा नतिजामुखि बनाउन ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको क्षमता अभिवद्धि कार्यक्रम संचालन गरिनेछ ।
- कुखुरापालन, माछापालन, भैसीपालन, बाखापालन,तर्फ युवा तथा कृषक लाई खोर,पोखरीमा समुहमार्फत अनुदान दिइ आयआर्जनमा जोड दिईनेछ ।



नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...नेक, डडेल्धुरा

**संस्कृति पर्यटन**

- प्राकृतिक रुपले रमणीय स्थानमा रहेको नवदुर्गा गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको धनी भुमिमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिने नितीलाइ निरन्तरता दिइनेछ ।
- प्रसिद्ध मष्ठा भगवती क्षेत्र, नवदुर्गा भगवती, गौडेश्वर मन्दिर, अशिग्राम मणिलेक क्षेत्र, मष्ठा बैजनाथ क्षेत्र, मणिलेक मन्दिर, विजयासैनी समैजी मन्दिर, भुमिदेउली , गा.पा अन्तर्गत रहेका पासा र मसानी मन्दिरहरु नतोडा र कोटेलीका देवलहरु तथा कुणी दहको विशेष संरक्षण गर्न आवश्यक पहल गरिनेछ ।
- नवदुर्गा गाउँपालिका भित्र रहेका पुराना ऐतिहाँसिक महत्वका परम्परागत धरोहरको संरक्षण गर्न जोड दिईनेछ । पुराना पौराणीक ब्यक्तित्वहरुले लगाएका वर पिपल चौतारीहरुको संरक्षण र पुराना हुलाकि बाटाहरुको संरक्षणका लागि रोजगार संग जोडेर प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामकालागि नगदको निती अवलम्बन गरिनेछ ।

**सहकारी तथा गरिवी निवारण**

- सवै वडाहरुमा बहु उद्येश्यिय तथा बचत, ऋण सहकारीहरु स्थापनामा जोड दिइनेछ ।
- सार्वजनिक निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्बे अर्थ निती अवलम्वन गर्दै सहकारी क्षेत्रको बिकासमा सहभागिता सुनिश्चितता गर्न सहकारी मार्फत अनुदान वाट साना स्वारोजगारका कार्यक्रमहरुमा लागत सहभागिता गरिनेछ ।
- सहकारी प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासका लागि आवस्यक पर्ने शिप क्षमता अभिबृद्धि हुने खालका कार्यक्रमहरु अगाडी बढाईनेछन गाउँपालिका भित्र संचालनमा रहेका सबै सहकारीहरुको प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासमा जोड दिईनेछ ।
- गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत अति गरिव परिवारका सदस्यहरु सम्मिलित उद्यम समुहहरुलाई रोजेको व्यवसायका लागि आवश्यक अनुदान उपलब्ध गराइनेछ ।
- कृषि क्षेत्रमा जाने तथा पशुपालन तर्फ जाने साना अनुदान तथा प्रबिधि हस्तान्तरणका कार्यक्रमहरुलाई स्थानिय सहकारीमार्फत दिने व्यवस्था मिलाउने र अनुगमन समेत

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

सहकारीमार्फत सम्पन्न गरि प्रतिफल सुनिश्चित गर्ने ब्यवस्था मिलाईने र सहकारी सँगको साझेदारीमा साना अनुदान निति अवलम्वन गरिनेछ ।

## सामाजिक विकास

### स्वास्थ्य

- बर्तमान कोरोना महामारीको दोस्रो लहरका कारण चपेटामा परि १३८ जना कोरोना संक्रमण पुष्टी भइ सकेकामा १० जनालाइ कोरोना अस्थाइ अस्पतालमा उपचार गरिएको तथा निको भएर घर फर्कि सकेका सन्दर्भमा सम्भावीत तेस्रो लहरलाई ध्यानमा राखि अक्सिजन सहितको कोरोना अस्पताललाइ थप प्रभावकारी बनाइनेछ ।
- वर्तमान कारोना कहरका वावजुत पनि जेष्ठनागरिक अशक्त नागरिकहरुका लागि घरमै चेक जाँच गर्ने तथा एक वडा एक सामुदायीक स्वास्थ्य कर्मी को नीतिलाई निरन्तरता दिइनेछ ।
- नियमित स्वास्थ्य जाँच खोपका कार्यक्रमहरु निदान तथ परामर्श सेवा प्राथमिक उपचार सेवा लगायत स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने नियमित स्वास्थ्य सेवा कोरोनाका कारण प्रभावित हुन नदिन स्वास्थ्य कर्मीको उचित सुरक्षा सामाग्रीको व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडामा गर्भवती लक्षीत निशुल्क अल्ट्रासाउण्ड ( भिडियो एक्सरे ) सेवालाई निरन्तरता दिइनेछ ।
- २५ वुदे एकिकृत स्वास्थ्य तथा पोषण सम्वन्धी प्रतिवद्धता २०७६ को कार्यान्वयन भइसकेकोमा थप प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- प्रयोगशाला सेवालाई थप सुदृढिकरण गर्दै लागिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा आफ्नै फार्मेसी सेवा विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिकाका गाउँघरक्लिनिक र खोप क्लिनिकको स्तरोन्नती गरि आधारभुत प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पुर्वाधार विकास तथा व्यवस्थापनमा विषेश जोड दिई जनतालाइ सहज पहुँचको व्यवस्था मिलाइने छ ।
- पुर्ण पोषण मैत्री पालिका अभियान,पुर्ण संस्थागत सुत्केरी घोषणा अभियान र पुर्ण खोप सुनिश्चतता तथा दिगोपना घोषणालाई निरन्तरता दिइनेछ ।
- बिद्यालय भर्ना गर्दा अनिवार्य खोपकार्ड सहित जन्म दर्ता गराउदा संस्थागत सुत्केरी भएको कार्ड अनिवार्य गराई घरैमा हुने प्रशुती शुन्य गराउने निती अवलम्बन गरिनेछ ।



नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा

- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायसंगको सहकार्यमा पाठेघर खस्ने (आङ खस्ने) सम्वन्धी स्क्रिनिङ स्वास्थ्य शिविर जेष्ठ नागरिकको आँखा उपचार तथा मोती बिन्दुको अपरेसन शिवीरहरु कोरोना कहरका कारण चालु आ.व.मा हुन नसकेकामा आगामी आ.व.देखि निरन्तरता दिदै थप उपचार गर्नुपर्ने देखिएका बिरामीहरुको पहिचान गरि सम्बन्धित रेफरल सेन्टरहरुमा उचित अनुदान सहित उपचारमा सहयोग गर्ने नितीलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई एप सहितको मोवायल बितरण भईसकेकोमा स्वास्थ्य सम्बन्धि सुचनाहरु संकलन गर्ने र बेशेष गरि घरमा हुने प्रशुती शुन्य पार्ने र जटील प्रकृतिका प्रशुतिहरुको समयमै सुचना प्रवाह गरि अकालमै ज्यान गुमाउने समस्याको समाधान सहित बालवालिकाको खोप र पोषणका लागि उक्त सुचना संकलन प्रणलीलाई प्रभावकारी रुपमा अगाडी बढाउन महिला स्वास्थ्य स्वयंसेवीका र स्वास्थ्य संस्थाहरुलाइ संचार खर्च उपलब्ध गराउने नितीलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाका सुनौला हजार दिनका बालबालिका र आमाहरुको पोषणमा सुधारको लागि विभिन्न संघसस्थाहरु संग समन्वय तथा सहकार्य गरि संचालनमा रहेको **पोषण चौतारी कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।
- चारपटक गर्भ जाँच गरि संस्थागत प्रसुती सेवा दिने आमालाई उपाध्यक्षको कोसेली कार्यक्रम अन्तरगत एक क्यारेट अण्डा दिने व्यवस्था मिलाइनेछ ।
- आयुर्बेद चिकित्सा लाइ विशेष प्रोत्साहन गर्नका लागि विशेष योजना र कार्यक्रम गर्ने नीति अनुरुप नागरिक आरोग्य केन्द्र स्थापना भइ सकेकामा थप प्रभावकारी बनाउन नागरिक आरोग्य केन्द्रलाइ आवश्यक पुर्वाधार सहित औषधि उपचारका लागि आवश्यक सामग्री उपलब्ध गराउने तथा आर्युवेदिक औषधालय मणिलेकमा आवश्यक उपकरण सहित आर्युवेदिक चिकित्सालाई बढावा गर्न नागरिकको पहुच अभिबृद्धि गर्न जोड दिइनेछ ।
- अनिच्छित गर्भलाई सुरक्षित तरिकाले गर्भपतन गराउन सुरक्षित गर्भपतन सेवा थप स्वास्थ्य संस्थाहरुमा विस्तार गरिनेछ ।

**शिक्षा**

- वर्तमान नोवल कोरोना दोस्रो लहरका कारण विद्यालयहरु वन्द रहेको अवस्था विद्यमान छ, यस विषम परिस्थितीमा वैकल्पिक सामाग्रीको प्रयोग गरी शैक्षणिक गतिविधिलाई नियमितता दिन सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ ।



नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा

- नवदुर्गा गाउँपालिका भित्र रहेका सबै सामुदायीक र निजी बिद्यालयहरुमा जन प्रतिनिधीद्धारा चौमासिक रुपमा कम्तीमा एक पटक अनुगमन गरिने र अनुगमन कार्यलई प्रभावकारी बनाउन आवस्यक पर्ने चेकलिष्ट तयार गरिने नितिलाई निरन्तरता दिदै थप प्रभावकारी सघन अनुगमनलाई तिव्रता दिइनेछ ।
- गाउँपालिकाका सबै बिद्यालयहरु मध्ये क्रमसः प्रबिधी हस्तारन्तरणमा ल्यापटप, इ हाजिरी,प्रोजेक्टरका माध्यमबाट पठनपाठन गराइने निती अनुरुप माध्यमिक तहमा सबै बिद्यालयहरुमा इन्टरनेट सेवा विस्तार भइ सकेकामा चालु आ.व.मा आधारभुत बिद्यालयहरुमा इन्टरनेट सेवा पुर्णरुपमा पुरयाइनेछ र आगामी आ.व.मा सबै सामुदायीक बिद्यालयहरुमा इन्टरनेट सेवा पुरयाइनेछ ।
- वर्तमान कोरोना कहरका कारण विद्यालय बन्द रहेकाले हिउदे तथा वर्षे विदा एवम दिवस पर्व तथा सार्वजनिक विदा समेत घटाई कटाई विद्यालय २८० दिन संचालन गर्न र निर्धारित पाठ्यक्रम पुरा गर्न उपलब्ध शिक्षकलाई थप प्रोत्साहन सहित दिई विद्यालय वाहिर समेत पढाउने व्यवस्थाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयको स्तरोन्नति र विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि हुने गरी प्रविधि र सुबिधायुक्त बानाउन प्रत्येक वार्डमा १/१ वटा बिद्यालयलाइ नमुना बिद्यालयको रुपमा छनोट भएका स्कुलहरुमा चालु आ.व.को कार्यक्रममा समेत गुणस्तर सुनिश्चतताका लागि निरन्तरता दिईनेछ ।
- यस गाउँपालिका भित्र मा.वि.र आधारभुत विद्यालय गरी जम्मा २८ वटा विद्यालय रहेकोमा कतिपय विद्यालयमा विद्यार्थि शिक्षकको अनुपात घटी वढी भएको अवस्था विद्यमान छ सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाइ शिक्षक दरबन्दी मीलानमा जोड दिन स्वयमसेवक शिक्षक परिचालन लाई निरन्तरता दिदै रिक्त स्वयंसेवक शिक्षक प:मा पदपुर्ति गरिनेछ ।
- गाउँपालिका भित्र संचालित सबै सामुदायीक सरकारी र निजी बिद्यालयमा शैक्षिक गतिबिधीमा एकरुपता कायम गरि सबै अतिरिक्त क्रियाकलापमा समेत एकरुपता कायम गर्न गाउँपालिका स्तरको शैक्षिक क्यालण्डर निर्माण गरि कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- शिक्षाको गुणस्तरीयता र समानतामा आधारित वनाउन गाउँपालिका स्तरिय परिक्षा प्रणालीको विश्वसनियतमा जोड दिदै गाउँपालिका स्तरीय परिक्षाको निश्पक्षतामा जोड दिईनेछ ।
- प्राबिधिक बिषयको क्याम्पस सञ्चालनका लागी वडा नं १ मा संचालन हुने प्राबिधिक बिद्यालयको क्षमता अभिबृद्धि गर्दै यसै बर्ष ल्याव सहितको प्राविधिक विद्यालयमा पठनपाठनको सुरुवात गर्दै थप नयाँ बिद्यालयहरुमा प्राबिधिक नयाँ बिषयका साथ संचालन गर्न पहल गरिनेछ ।



नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगिलेक, डडेलधुरा

- सबै वालवालिकालाई माध्यामिक तह सम्म कम्प्यूटर शिक्षा दिईने गरी बिद्यालयलाई आवश्यक भौतिक पुर्वाधार वाह्य वातावरण शौचालय आई. सिटि. ल्याव पुस्तकालय विद्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- यसै वर्ष देखि कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत किशोरी छात्राहरुलाई सेनेटरी प्याड वितरण गरी महिनावारी स्वच्छतामा जोड दिइनेछ ।
- नियमित विद्यालयको नियमित प्र.अ. वैठक तथा अनुगमनलाई प्रभावकारी वनाउन स्रोत व्यक्तिलाई निरन्तरता दिईनेछ ।

## सरसफाइ तथा स्वच्छता

- कोरोना माहामारीबाट बच्न व्यक्तिगत सरसफाइमा बिषेश ध्यान दिनुपर्ने मुख्य गरि सावुन पानीले हात धुने विश्व स्वास्थ्य संगठनको मापदण्ड वमोजिम हातमुखको सरसफाई तथा व्यक्तिगत सरसफाईलाई हरेक कामकाज सँग जोडेर अभियानात्मक रुपमा प्रवर्धन गरिनेछ ।
- सबै सरकारी कार्यालयहरु विद्यालयहरु लगायत सार्वजनिक निकायमा प्रवेश गर्दा अनिवार्य सावुन पानीले हात धुने बानीको विकास गर्न आवश्यक पर्ने सामग्रीको उपलब्धता सुनिश्चित गराइनेछ ।
- खानेपानीका सबै आयोजनामा अनिवार्य १० प्रतिशत रकम सरसफाईको क्षेत्रमा खर्च गर्ने निती अवलम्वन गरिनेछ ।
- यस नवदुर्गा गाउँपालिका भित्र रहेका वस्तीमा धुवा रहित चुलो निर्माण गर्न सम्वन्धीत संघसंस्था संग पहल गरि धुवारहित गाउँपालिकाको रुपमा कार्यक्रमहरु अगाडी बढाइने छ । साथै बैकल्पिक उर्जाका स्रोतहरुको खोजी गर्दै बायो ग्याँस,रकेट चुलो ,सौर्य उर्जा जस्ता कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइनेछ ।
- **एक घर एक चर्पि नजिकैमा धारा ,स्वच्छता कायम गरि स्वस्थ हुने हाम्रै अभिभारा** भन्ने ध्ययका साथ यस वर्ष वडा नं. ४ को बेलापुर तल्लोगाउँलाई पुर्ण सरसफाई सहितको हरेक घरमा सफा चर्पी निर्माण र पुर्ण पोषण मैत्री गाउँ घोषणाको कार्यलाई अगाडी बढाइने छ ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

## महिला तथा लैगिंक समावेशीकरण

- महिलाहरुमा पर्ने सामाजिक असर कम गर्न एवम घरेलु हिंसाका कारण समस्यामा परेका महिलाहरुका लागि मनो परामर्शका कार्यक्रमहरु अगाडि बढाइने छ ।
- सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सीप क्षमता अभिवृद्धिका लागि विषेश योजना बनाई कार्यान्वयन गरिनेछ ।
- एकल महिलाहरुका लागि विगत वर्षहरु झै आयआर्जनका कार्यक्रम कुखुरा बाख्रा पालन व्यवसायीक तरकारी खेतीका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- एकल महिला संचालन गठन गर्ने ।
- महिलाहरुलाई सामुहिक तरकारी खेती जस्ता कार्यक्रममा विषेश जोड दिने ।
- लैङ्गिक हिंसा, घरेलु हिसां मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान लगायतका दिवशहरुमा सचेतीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाका सबै भौतिक पुर्वाधारका आयोजनाहरुमा महिलाहरुको कार्यबोझ घटाउने खालका आयोजनालाई प्रथमिकता दिई उनिहरुको आय आर्जनमा जोड दिने खालका आयोजना संचालनमा गाउँपालिकाको प्राथमिकता सुनिश्चित गरिनेछ ।
- महिलाहरुको शैक्षिक स्तर उकास्न खुल्ला शिक्षा, किसोरीहरुका लागि विशेष कार्यक्रम, छाउपडी लगायत लक्षित कार्यक्रमहरु संचालन गरिने छ ।
- एकल असहाय महिलाहरुका बालबालिकाहरु लाई उच्च शिक्षाका लागि छात्रबृत्तिको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- छाउपडी प्रथाको न्युनिकरणमा जोड दिन अभियानात्मक तथा प्रर्वद्धनात्मक कार्यकमहरु संचालनमा जोड दिईनेछ ।
- किशोरीहरुको जिवनोपयोगी सिप विकासगर्न किशोरी शिक्षा कार्यकम थालनी गरिने तथा किशोरीहरुको संगठित विकासका लागि किशोरी क्लव तथा किशोरी संजाल गठन गरि उनीहरुको शसक्तीकरणमा जोड दिइनेछ ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

## दलित

- दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागि कार्यक्रम बनाई लागु गरिने छ परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागु गरिने छ ,जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न विशेष व्यवस्था गरिने छ हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको निशुल्क शिक्षाको आवश्यक व्यवस्था मिलाइन्ेछ ।
- बिपन्न दलितका छात्र छात्रा हरुलाई शिक्षाको मुल प्रवाहीकरणमा ल्याउन प्राबिधिक शिक्षाको सुनिश्चीतता गर्न दलित छात्रबृत्ती कार्यकम लाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- राष्ट्रिय आरक्षण नितीको हुवहु परिपालनलाई आत्मसात गर्दै गाउँपालिका बाट संचालन हुने सबै खाले आयोजना तथा कार्यक्रमहरु रोजगारका अवसरहरुमा दलित बिपन्नहरुको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिने निती अवलम्बन गरिनेछ । दलितका छोरा छोरीहरु लाइ गाउँपालिकाबाट हुने जुन सुकै पदपुर्तिका बिज्ञापनहरुमा आरक्षणको निती अवलम्बन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालन हुने रोजगारका कार्यक्रमहरुमा बिपन्न र पछाडी परेका गरिव दलित तथा सिमान्तीकृत बर्गहरुको प्रथमिकताका साथ सहभागिता गराईनेछ ।
- दलित जातीहरुमा रहेको परम्परागत शिपमा आधारित पेशालाई व्यवशायीकरण तर्फ उन्मुख गर्न आधुनिक औजार सिलाई मेशिन,आरन सेट जस्ता सामग्री उपलब्ध गराई गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यकम मेडपा अन्तरगत परम्परागत शिप विकासलाई आधुनिकीकरणमा जोड दिइनेछ ।
- दलित विपन्न नागरिकहरु को रुचि वमोजिमको सीप विकास गर्न सिकर्मी डकर्मी कार्पेन्टी जस्ता तालिमहरुको आयोजना गरी आयआर्जनमा अभिवृद्धि हुने खालका कार्यक्रमहरु कार्यान्वयनमा जोड दिईनेछ ।

## युवा तथा खेलकुद

- युवा युवतीहरुका लागि विकास आयोजना लगायत प्रधानमन्त्री रोजगार कार्यक्रममा वढी से वढी सहभागिता गराई उनीहरुको सिमित भए पनि रोजगारीको उचित व्यवस्था गर्ने निति अवलम्वन गरिनेछ ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

- युवा स्वरोजगार अभियान संचालन गरि वढदै गएको युवा वेरोजगारीलाई कम गर्न युवाहरुलाई उत्पादनमा लाग्न उत्प्रेरित गर्ने उद्देश्य सहित युवा उद्यमी अनुदान युवा कृषक अनुदान सफल युवा प्रोत्साहन कोष जस्ता कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संग युवालाई जोडी पुर्वाधार निर्माण तथा सामाजिक बिकासमा युवाको अहं भुमिका सुनिश्चित गरिनेछ ।
- युवाहरुलाइ कृषि तथा पशुपालन तर्फ आकर्षित गर्न सामुहिक बाख्रापालन तथा सामुहिक तरकारी खेती तर्फ आर्कर्षित गर्न अनुदान निती अवलम्बन गरिनेछ ।
- कोटेलीको चौराहा मैदानमा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय को सहयोगमा यसै वर्ष खेलकुद रगंशाला निर्माणको कार्य सम्पन्न हुने तथा खेलग्रामको पुर्णता सहित आगामी आ.व. देखि सबै गाउँपालिका स्तरिय खेलकुदहरु सोही खेलमैदा.मा संचालन गरिनेछ ।
- युवालाई आत्मनिर्भर,स्वावलम्वी र समाजविकासमा सक्रिय बनाउदै रोजगार सिर्जनाका अवसरहरुको खोजी गरिनेछ ।
- कृषि क्षेत्रमा युवाहरुको घटदो आकर्षण लाई निरुत्साहित गरि आर्थिक बिकासको मुल आधार कृषिमा आधनिकीकरण सहित युवा अनुदानमा बढोत्तरी गरि कृषि उत्पादनको प्रतिफलबाट युवाहरुको आय आर्जनमा जोड दिने निती अवलम्बन गरिनेछ ।
- वढ्दो युवा वेरोजगारीलाई मध्यनजर गरी हाउसवायरिङ्ग पलम्वीङ्ग मोटरसाइकल मर्मत रेडियो घडी मर्मत मोवाइल मर्मत ड्राइभिङ्ग जस्ता तालिमहरु प्रदान गरी युवाहरुलाई स्वरोजगार वनाउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- विद्यालय स्तरमै खेलकुदको विकास गर्न आवश्यक खेल सामग्रीहरु प्रदान गरिने र खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- वडास्तरमा संचालन हुने खेलकुदका कार्यक्रमहरुलाई निरन्तरता दिदै साना तथा बस्ति स्तरका खुला स्थानमा खेलकुदका लागि खेल मैदानका रुपमा विस्तार गर्ने निती अवलम्वन गरिनेछ ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

## बालवालिका

- संभावित तेस्रो लहरका कारण बालवालीकाहरुमा पर्न जाने असरहरु न्युनीकरण गर्न विद्यालय स्तरमै कोरोना रोकथाम तथा नियन्त्रणका उपायहरु सहितको थप स्वास्थ्यकर्मीहरु मार्फत कक्षा संचालन गर्ने निति अवलम्वन गरिनेछ ।
- वालवालिकाको विकासका लागि बाल मैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानिय शासनका लागि आवश्यक सुचकहरु अवलम्बन गरिनेछ ।
- बालबालीका शान्ती क्षेत्रलाइ मुर्त रुप दिन सबै बिद्यालयहरुमा आचार संहिता निर्माण गरि राजनैतिक कार्यकमहरुमा पुर्ण प्रतिबनध लगाइने छ ।
- बाल यौन शोषण ,बाल हिंसा र बालश्रम निवारणका लागि गुरु-योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- दृष्टी विहिन तथा अपाङ्गताभएका बालबालिकाको लागि विशेष कार्यक्रम वनाएर लागु गरिने छ ।
- सहिद वेपत्ताका छोरा छोरीहरु वावाआमा गुमाएका टुहुरा वालवालिका हरु संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने निति सँगै उनीहरुको पालन पोषण को उचित प्रवन्ध मिलाइने छ ।
- विद्यालय तथा वडा स्तरमा वाल क्लवहरु गठन गरि पालिका स्तिरिय वाल संजाल निर्माण भैसकेको सन्दर्भमा वालकेन्द्रीत गतिविधिका लागि आवश्यक कार्यविधि निर्माण गरी कर्यान्वयन गरिनेछ ।

## बृद्ध/वृद्धा जेष्ठ नागरिक

- **बृद्ध बृद्धाहरु वोभ्फ होइनन मार्ग दर्शक हुन सम्भान गरौं** भन्ने मुल मन्त्रका साथ जेष्ठ नागरिक सम्मान कार्यकमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिकहरुले पाउदै आएको सामाजिक सुरक्षा बृत्ती उनीहरुको आफनै हातमा पर्ने सुनिश्चित गर्न घरघरमा सामाजिक सुरक्षा कार्यकमलाई निरन्तरता दिदै राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागवाट संचालित विश्व वैङ्क र नेपाल सरकार विच भएको ऋृण सम्भ्फौता वमोजिम सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी कार्यान्वयन गर्न सम्वन्धीत विभाग सँगको

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

समन्वयमा परियोजना कार्यान्वयनमा लागत सहभागिता संगै आगामी आ.व. देखि सामाजिक सुरक्षा भत्तालाई बैङक मार्फत उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

- बहिस्करणमा परेका वृद्ध वृद्धा को पुर्न स्थापना कार्यक्रम, हातहातमा समाजिक सुरक्षा भत्ता कार्यक्रम ,स्वास्थ्य चेकजाँचका लागि आखा शिविर,स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

## अपांगता

- सार्वजनिक स्थान, कार्यालय र विद्यालयहरुमा अनिवार्य रुपमा अपांगता मैत्री संरचना निर्माण गरि यस्ता कार्यालयहरुको शौचालय तथा भौतिक संरचनाहरु अपाङ्ग मैत्री बनाउन जोड दिइनेछ ।
- अपाङ्गता पहिचान, वर्गिकरण तथा सुविधा र सहयोगको लागि गाउँपालिका स्तरमा नै अपाङ्गता परिचय पत्र बितरण समिति सहित आवश्यक चिकित्सक सहितको टोली सबै वडामा खटाई वडा स्तरबाटै अपाङ्गता परिचय पत्र बितरण गर्ने नितीलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता भएका ब्यक्तिहरुका लागि आवस्यक पर्ने सहायक सामगृ सेतो छडी,बैशाखी, हवील चेयर जस्ता अपाङ्ग सहयोगी सामगृ बितरणमा जोड दिईनेछ ।
- अपाङ्गता भएका ब्यक्तीहरुलाई संगठित गर्न उनीहरुको वडा तथा गाउँपालिका स्तरिय संजाल गठन गरि उनीहरुकै अर्थपुर्ण सहभागितामा अपाङ्गता भएकाहरुको कार्यक्रम संचालन गर्न जोड दिईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सिप तथा क्षमता अभिवृद्धि गरी उद्यमशिलता प्रवर्दन गर्न प्रोत्साहन गरिने छ ।

## विजुलीबत्ती तथा उर्जा

- विगतमा विभिन्न स्थानहरुमा विद्युतका पोल गाडिएका, तार तान्न बाँकी रहेका वस्तीहरुमा विद्युत सेवा पुऱ्याउन र सबै अलपत्र परेका विद्युत लाइनहरु को पुर्णता का लागि आवश्यक व्यवस्था मिलाउन विद्युत प्राधिकरण सँग समन्वय एवम सहकार्य गरिनेछ ।



नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डडेल्धुरा

- यस पालिकालाई उज्यालो गाऊँ पालिका वनाउनका लागी बिद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताकासाथ अगाडी बढाइ  आगामी आ.व. २०७८।०७९ भित्र सवै बस्तीहरुमा बिद्युत सेवा विस्तार गरिनेछ ।
- साना तथा स्थानिय स्तरमा बिद्युत उत्पादन गर्ने लघु जलबिद्युत आयोजना चामा लघु जलबिद्युत चलकट्टे माईको हाइड्रोको क्षमता बृद्धिमा जोड दिई मर्मत कार्य समेत गर्ने व्यवस्था मिलाइनेछ ।
- पर्यटकीय महत्व बोकेका मठ मन्दिरहरुमा र सार्बजनिक स्थान तथा स्थानिय बजारहरुमा सौर्य सोलार बत्ति जडान गरि गाउँपालिका उज्यालो कार्यक्रम अघि बढाइने छ ।
- विगत लामो समय देखि चर्चामा मात्र सिमित रहेको पश्चिम सेती जलविद्युत आयोजना निर्माणका लागि संघीय सरकारसँग समन्वय गरि कार्यान्वयनका लागि जोडदार पहल गरिनेछ ।

## राहत तथा सहयोग कोष

- लैङिक हिंसा ,बैदेशिक रोजगारी र मानव वेचविखनमा परेका पीडित तथा प्रभावितहरुका लागि आपतकालिन अवस्था भएःग वा अन्य श्रोतबाट सहयोग उपलब्ध हुन नसकेको प्रमाणित भएको अवस्थामा पीडित एवं प्रभावितको आवश्यक सहयोगको लागि पालिका स्तरिय अध्यक्ष राहत तथा सहयोग कोषको व्यवस्थित परिचालन गरिनेछ । बिपन्न तथा गरिब पहिचानका आधारमा कडा रोगको सिकार भई उपचारमा समस्या भएका बिरामीहरुको उपचारमा सहयोग गर्न कोष संचालन कार्यान्वयन गरिनेछ ।
- आमाबुबा दुवै गुमाएका नाबालक टुहुरा बालबालिका, असहाय महिला, निसन्तान एवम सन्तानवाट संरक्षण नपाएका नागरिकहरु एवम विभिन्न कारणले सामाजिक वञ्चितीकरणमा परेका नागरिहरुलाई सामाजिक सुरक्षको दायरामा ल्याउन उनिहरुलाई प्रदान गरिदै आएको मासिक वृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## वन वातावरण जैविक विविधता तथा विपद व्यवस्थापन

- सुख्खा नाँगा डाडाहरुमा अमरिसो रोपण कार्यलाई अगाडी वढाई गर्मीयाममा हुनु सक्ने आगलागी नियन्त्रणका लागि सामुदायीक वन उपभोक्ताहरुको सहकार्यमा हरियाली निर्माण गर्ने निति अवलम्वन गरिनेछ ।
- छाडा चरिचरन रोक्न अभियान सञ्चालन गरि वृक्षारोपण अभियान सञ्चालन गरिने छ ।



नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा

- वैज्ञानिक वन व्यवस्थापन योजना कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनुका साथै ढलापडा सुख्खा खडा रुखहरु को छटनीका नाममा भइरहेको वन फडानीलाई नियन्त्रण गर्न नियमनकारि निकायको समन्वयमा आवश्यक कार्यक्रमहरु अगाडी वढाइने छन ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै कच्ची तथा धुले सडकहरुका किनारामा वृक्षारोपण गरि हरित सडक निमार्ण गर्दै वन वातावरण जोगाउने कार्यक्रममा सडकमा काम गर्ने स्थानीय मर्मत सम्भार समुहलाई वृक्षारोपण सँग समेत जोड्दै हरित सडक निर्माणमा जोड दिइने निति अवलम्वन गरिनेछ ।
- उर्जा को मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरता लाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता प्रविधिहरु मा लगानी विस्तारको नितिलाई निरन्तरता दिईनेछ ।
- वन संरक्षण, व्यवस्थापन, दीगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई सुदृढ गरिने छ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ । वनक्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न रणनीति तयार गरी कार्यान्वयनका साथै आवश्यक कार्ययोजना तयार गरिने छ ।
- पूर्वाधार विकाससम्बन्धी आयोजना/कार्यक्रम तर्जुमा गर्दा श्रममूलक तथा बातावरणमैत्री (IEE र EIA) प्रविधिको प्रयोग गर्ने गरी कार्यक्रम तर्जुमा गरिने छ ।
- शाखा सडकहरु खनेर माटो झरेको स्थानमा पहिरो रोकथाम तथा सुन्दरताकोलागि बायोइन्जीनियरिङ्ग गरिनेछ । पूर्वाधारका विकास निर्माण कार्य गर्दा विपद जोखिम लाई समेत मध्य नजर गर्दै विकासमा विपद जोखिम व्यवस्थापनलाइ मुलप्रवाहिकरण गर्दै लगिने छ ।
- विपद् व्यवस्थापनको लागि विद्यमान संस्थागत संरचनाहरुलाई खोज, उद्धार तथा राहत( प्रतिकार्य) कार्यका लागि संस्थागत सुदृढीकरण एवं क्षमता अभिवृद्धिमा जोड दिइने छ । विपद् जोखिम व्यवस्थापनलाई विकासमा मूल प्रवाहीकरण गरिनेछ ।
- बन क्षेत्र भित्र बहुखेती बिकास कार्यक्रमलाई जोड दिदै बन जङ्गल संरक्षण सहित बन भित्र नगदे बालीका रुपमा उपभोक्ताको आय आर्जन हुने खालका बिरुवा रोपणमा जोड दिईनेछ ।
- विपद् व्यवस्थापनको पूर्वतयारी, तथा प्रतिकार्य योजना बनाइ लागु गरिने छ । बाध्यात्मक रुपमा वसोवास गरीरहेका जोखिम युक्त वस्तीहरुलाई आवश्यकता अनुसार पहिचान र

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

स्थानान्तरणका लागी तत्काल प्रभावितलाइ व्यवस्थापन गर्न गाउँपालिका र वार्ड स्तरमा विपद व्यवस्थापन कोष स्थापनालाई निरन्तरता दिइनेछ ।

## सुचना र संचार

- सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसंग सहकार्य गरिनेछ । निश्चित आधार तथा मापदण्ड निर्धारण गरी सञ्चार माध्यमहरुको वर्गीकरण तथा विशिष्टिकरण गरिने छ ।
- सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ-संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्न जोड दिईनेछ । गाउँपालिकाका महत्तवपुर्ण र ऐतिहासिक पुरातात्वीक संरचना एवं धरोहरहरुको गाथा झल्किने खालका डकुमेन्टी ,सर्ट मुभि ,बृत्त चित्र जस्ता सामग्र निर्माण तथा उत्पादनमा जोड दिइनेछ ।
- सूशासन परियोजनाको सहयोगमा स्व साशन प्रवर्द्धनका लागि अनलाइन प्रणाली प्रयोगमा ल्याइनेछ । र गाउँपालिकाको आफ्नै मोवाइल एप, अडियो मेसेजिङ्ग प्रणाली, टेक्स्ट मेसेजिङ्ग प्रणाली, डाटा पोर्टल पुर्णतः प्रयोगमा ल्याउन थप पहल गरिनेछ र सवै जनताको जानकारीका लागि प्रचार प्रसारमा जोड दिइनेछ ।
- कार्यालयवाट प्रदान गरिने सेवाका वारेमा नागरिकको जानकारीका लागि सवै कार्यालयमा नागरिक वडापत्र डिजिटल सुचना पाटी को व्यवस्था गरिने छ । गाउँपालिकावाट संचालित रु.५ लाख सम्मका योजनाको फरफारक गर्दा वडाध्यक्षको उपस्थितीमा सार्वजनिक परिक्षण गरेर मात्र भुक्तानीको व्यवस्था गरिने छ भने सो भन्दा माथिका योजनाहरुको सम्वन्धमा गाउँकार्यपालिकाले तोकेको सदस्यको उपस्थितिमा सार्वजनिक परिक्षण गरेर सोका आधारमा मात्र योजना फरफारक गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- स्थानीय रेडियो पत्रपत्रीका जस्ता संचार सामग्रीहरको प्रयोग गरी गाउँपालिकाका सबै गतिविधीहरुको जानकारी संचार माध्यमहरुको अधिकत्तम उपयोग गर्ने निति अवलम्वन गरिनेछ ।
- आगामी आ.व.देखि चेकलेस प्रणाली,सरकारी सम्पत्तीको लेखाङकन प्रणाली पाम्सलाइ प्रभावकारी रुपमा लागु गरिनेछ ।

नवदुर्गा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
...लेक, डडेल्धुरा

**सुशासन सेवा प्रवाह र जनशक्ती विकास**

- गाउँपालिकाका सवै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट नेटवर्किङ्ग गर्दै ई-गभरनेन्स सेवा प्रारम्भ गर्न यसै वर्ष सवै वडाहरु मा इन्टरनेट जडानका कार्यहरु सम्पन्न भइसकेकोमा राजस्व असुली आन्तिरिक आम्दानीको व्यवस्थीत अभिलेखीकरण समेत सुशासन गरियोजनाको सहयोगमा इ सिफारिस समेत कार्यान्वयन गर्दै ई-गभरनेन्स सेवा कार्यान्वयनमा ल्याइनेछ ।
- सार्वजनिक प्रशासनमा न्युन जनशक्तीको अधिकतम प्रयोग गर्न व्यवस्थापकीय तालिम अन्तरगत कम्प्युटर तालीम ,कार्यालय व्यवस्थापन तालीम प्रविधिकहरुका लागि अटोक्याट तालिम जस्ता तालिमहरुको आयोजना गरि कर्मचारीहरुलाई उच्च मनेवलका साथ काम गर्ने वातावरण सिर्जना गर्न चालु आ.व. मै आवश्यक व्यवस्था गरिएकोमा कोरोना माहामारीका कारण सम्पन्न हुन नसकेकाले आगामी आ.व.मा तालीमको सुनिश्चितता कायम गर्दै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास योजना तयार पारि कार्यान्वयनमा ल्याइनेछ ।
- आगामी आ.व.मा सुशासनलाई टेवा पुरयाउने गरि निजि सचिवालय गठन गरि जनशक्ति व्यवस्थापन सहित गाउँपालिकाका सवै कार्यक्रमहरु प्रभावकारी वनाउन सचिवालय व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दे आन्तरीक खर्चलाई चुस्त वनाईनेछ र कार्यालयवाट हुने सवै भुक्तानी बैंक मार्फत हुने व्यवस्था मिलाइनेछ ।

धन्यवाद ।

कविन्द्र वहादुर विष्ट
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

कविन्द्र बहादुर बिष्ट
अध्यक्ष

मिति : २०७८।०३।०९ गते